# " चेंजिंग द स्टोरी *(Changing the Story)*"



## दोन्द्वोत्तर अवस्थामा किशोर/किशोरीहरुद्वारा बनाईएको राष्ट्रिय नागरिक मूल्य र मान्यताहरूको व्याख्या जाँच (नेपाल र केन्या)

University of Brighton
UNIVERSITY OF LINCOLN
ADS Kenya
Wholesome & Dignified Living
UNIVERSITY OF LEEDS
Arts & Humanities Research Council
CHANGING THE STORY
GCRF
Global Challenges Research Fund

## परियोजना

सांस्कृतिक एकीकरणको जटिल समस्याले केन्यामा 'मूल्य र मान्यताहरू' को माध्यमबाट 'संलग्नता, सशक्तिकरण र नैतिक' नागरिकहरू शृजना गर्ने राष्ट्रिय नीतिको आधार बनाएको छ (आधारभूत शिक्षा पाठ्यक्रम ढाँचा, २०१७। नेपालमा 'मूल्य र मान्यता शिक्षा' को नीति शैक्षिक नीति अन्तर्गत रहेको छ भने 'मूल्य र मान्यता', 'नागरिक अधिकार र कर्तव्य' मा रहेको छ (मूल शिक्षा पाठ्यक्रम, २०१८) । जहाँ यसले लामो अस्थिरता र सशस्त्र संघर्षको अनुभव पछि देश संघीय राज्य भएको छ।

केन्यामा यस परियोजनाले बिद्यालय, शिक्षकहरू र कला प्रदर्शनी गर्ने संस्थाहरुसंग नजिकिएर काम गर्ने क्रममा ति नीतिहरुको मुख्य उद्देश्यहरुलाई हेर्छ । नेपाल मा किशोर/किशोरीहरुद्वारा निकालिएको 'राष्ट्रिय नागरिक मूल्य र मान्यता'हरु को ब्याख्या गर्छ । यसले कार्य योजनाको प्रयोगबाट नियमित पढाइने पाठ को रुपमा शिक्षण तथा सिकाइको लागि किशोर/ किशोरीहरुको जीवनका अनुभबहरुको श्रब्य/ दृश्य तथ्य प्रमाणबाट(testimony) उनीहरुमा महत्वपूर्ण सोचाइको विकास गर्छ र आफ्नो देशको सामाजिक सदभाव र शान्ति निर्माण प्रक्रिया प्रति आत्म- सुचित र सक्षम बनाउँछ। परियोजनामा साझा संचारहरूको माध्यमबाट किशोर/किशोरीहरुबीच नयाँ किसिम को शिक्षण, सिकाइ र अन्तर संस्कृतिक दृष्टिकोणको छलफल गर्छ।

यस परियोजनाले शिक्षण र सिकाई को रुपमा चारवटा पाठमा 'कार्य योजना' लागू गर्दछ । द्वन्द पछिको राष्ट्रिय राष्ट्रिय सन्दर्भ मा समयमा किशोर/किशोरीहरुलाई उनीहरुको मौखिक र दृश्यात्मक तथ्यहरुलाई वर्णन गर्नको लागि सहयोग गर्न यो पाठहरू लेखिएको हो। यसले शान्तिप्रक्रियाको प्रक्रियाको प्रतिक्रियामा महत्वपूर्ण र बैचारिक सोच विकसित गर्न उनीहरुलाई सक्षम बनाउँछ । यस किसिमको संचारको मध्यमबाट परियोजना ले किशोर/किशोरीहरु बीच , शिक्षक/शिक्षिकाहरु र नागरिक समाजहरुबीच को अन्तर सांस्कृतिक दृष्टिकोणलाइ छलफल वा सहजीकरण गर्छ।

केनियेन र नेपाली दुवै सन्दर्भमा बिद्यालयमा शिक्षक/शिक्षिकाहरु र किशोर/किशोरीहरूमा जानकारी संकलनको समान गतिविधिहरु लागू हुनेछ । यो परियोजनाले राष्ट्रिय नीतिको स्थानीय व्याख्यालाई शिक्षा र कलामा आधारित पद्दतिहरु मार्फत कसरि परिणत गर्न सकिन्छ र वर्तमान र भविष्यको निती नितीनिर्माण स्थानीय,राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कसरी सुचित र बिकास गर्ने भन्ने कुराको अन्तर्दृष्टि गर्छ ।

## परियोजनाको लक्षहरु

१. दोन्द्वोत्तर अवस्थामा बालबालिकाहरू राष्ट्रिय नागरिक 'मूल्य र मान्यताहरूलाई आफ्नै धारणा, हाउभाउ र प्रस्तुतिले साझा संचारको लागि विभिन्न कला र प्रदर्शनमा आधारित उपकरणहरू र प्रविधिहरूको सहयोगमा कसरी व्याख्या गर्छन् भन्ने छलफल गर्ने।

२. दोन्द्वोत्तर अवस्थामा बालबालिकाहरुलाई प्रस्तुति को सिद्दान्तका आधारमा भूत, वर्तमान र भबिष्यमा हुने सम्भावित शान्ति निर्माणको सोचको बिकास र त्यसलाई बढावा दिन सक्षम बनाउने।

३. राष्ट्रिय नागरिक मूल्य र मान्यताहरुमा शिक्षकहरुको दृष्टिकोण लगायत उनीहरुले सिकाउनेहरुलाई कुन विभिन्न तरिकाहरुले कथाहरु प्रस्तुत गर्छन जांच गर्ने।

४. हाम्रो अनुसन्धानको साझेदारहरूलाई निरन्तर विश्लेषण गर्न छलफल गर्नुहोस्, उनीहरुको बुझाईहरुलाई र राष्ट्रिय नागरिक मूल्य र मान्यताहरुलाई कलामा आधारित प्रदर्शन 'कार्यको योजना' मार्फत भविष्यमा नीतिनिर्माणमा स्थानीय, अन्तर्राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा तुलनात्मक सन्दर्भमा कसरी लागू गर्न सकिन्छ भनि विचार र प्रकाश पार्ने।

# परियोजना परिचय गोष्ठी, त्रिभुवन विश्वविद्यालय, नेपाल

# सोमबार जेष्ठ १३, २०७६

**१५०० स्वागतम र परिचय**

**वक्ताहरू:**

डा. मार्लोन मोनक्रिएफ, अन्वेषक, वरिष्ठ व्याख्याता, शिक्षा स्कूल, ब्राइटन विश्वविद्यालय, यूके।

राजिब तिमल्सिना, सह-अन्वेषक, सहायक प्राध्यापक, द्वन्द्व, शान्ति र विकास अध्ययन विभाग,त्रिभुवन विश्वविद्यालय, नेपाल।

नवराज भण्डारी, सह-अन्वेषक, कार्यक्रम निर्देशक / अनुसन्धानकर्ता, जानकी महिला जागरूकता समाज, नेपाल।

# १५१५ प्यानल: अनुसन्धान प्रक्रिया र प्राथमिकताहरू

**माथिका सहकर्मीहरु सहित:**

डेभिड स्टेफेन्स, सह-अन्वेषक, प्राध्यापक; अन्तर्राष्ट्रिय शिक्षा, शिक्षा स्कूल, ब्राइटन विश्वविद्याल, यूके।

आनन्द ब्रीड, सह-अन्वेषक, प्राध्यापक; रंगमंच र प्रदर्शन, लिंकन विश्वविद्यालय, यूके।

राजन खतिवडा, रचना निर्देशक, मंडला थियेटर, नेपाल।

नरबहादुर साउद, स्वतन्त्र सल्लाहकार नेपाल।

# १५३०: सामुहिक छलफल

अनुसन्धान प्रक्रिया र प्राथमिकताहरू छलफल र प्रतिक्रिया।

# १६०० मन्डला थिएटर कम्पनीसँग अन्तरक्रियात्मक सत्र

राजन खतिवडा, रचना निर्देशक, मंडला थियेटर, नेपाल। समाज, नेपाल।

# १६५०: प्रश्नहरू

## वक्ताहरू:

**डा. मार्लोन मोनक्रिएफ, अन्वेषक, वरिष्ठ व्याख्याता, शिक्षा स्कूल, ब्राइटन विश्वविद्यालय, यूके।**

**राजिब तिमल्सिना, सह-अन्वेषक, सहायक प्रोफेसर, द्वन्द्व, शान्ति र विकास अध्ययन विभाग,त्रिभुवन विश्वविद्यालय, नेपाल।**

**नुबराज भण्डारी, सह-अन्वेषक, कार्यक्रम निर्देशक / अनुसन्धानकर्ता, जानकी महिला जागरूकता समाज, नेपाल।**

**१७०० समाप्त**

**परियोजना परिचय गोष्ठी**

**सेन्ट पल विश्वविद्यालय, केन्या**

सोमबार, अषाढ २, २०७६

## १५०० स्वागत र परिचय

## वक्ताहरू:

**डा. मार्लोन मोनक्रिएफ, अन्वेषक, वरिष्ठ व्याख्याता, शिक्षा स्कूल, ब्राइटन विश्वविद्यालय, यूके।**

**डा जन म्वंगी, सह-अन्वेषक, व्याख्याता; द्वन्द्व, शान्ति अध्ययन, सेन्ट पल विश्वविद्यालय, केन्या।**

**डा. विलिस ओकुमु , सह-अन्वेषक, शान्तिनिर्माण संयोजक / अनुसन्धानकर्ता, एङ्ग्लिकन विकास सेवा, केन्या।**

## १५१५ प्यानल: अनुसन्धान प्रक्रिया र प्राथमिकताहरू

**माथिका सहकर्मीहरु सहित:**

**आनन्द ब्रीड, सह-अन्वेषक, प्राध्यापक; रंगमंच र प्रदर्शन, लिंकन विश्वविद्यालय, यूके।**

**एण्टोनी एन्द्न्गु, रचनात्मक निर्देशक, जेन थियेटर, केन्या।**

## १६०० जेन थिएटर कम्पनी संग अन्तर्क्रियात्मक सत्र

## एण्टोनी एन्द्न्गु, रचनात्मक निर्देशक, जेन थियेटर, केन्या।

## १६३० छलफल र प्रश्नहरू

**वक्ताहरू:**

**डा. मार्लोन मोनक्रिएफ, अन्वेषक, वरिष्ठ व्याख्याता, शिक्षा स्कूल, ब्राइटन विश्वविद्यालय, यूके।**

**डा जन म्वंगी, सह-अन्वेषक, व्याख्याता; द्वन्द्व, शान्ति अध्ययन, सेन्ट पल विश्वविद्यालय, केन्या।**

**डा. विलिस ओकुमु, सह-अन्वेषक, शान्तिनिर्माण संयोजक / अनुसन्धानकर्ता, एङ्ग्लिकन विकास सेवा, केन्या।**

**१७०० समाप्त**

## कार्य योजना

तलको कार्य योजनामा किशोर/किशोरीहरुको जीवनको अनुभवहरुलाई प्रस्तुत (REFLECT) गर्न , उनीहरुको विचारहरुलाई रेकर्ड र आफ्नो जीवनका सोचहरुलाई कलामा प्रदर्शन गरेर (PERFORMANCE) राष्ट्रिय नागरिक मूल्य र मान्यताहरुको व्याख्यालाई अन्तर संस्कृतिक आदान प्रदान (Cross Cultural Exchanges) गर्नको लागि बनाइएको हो यो प्रक्रिया उनीहरुको लागि द्वन्द पछिको राष्ट्रिय सन्दर्भमा आफ्नो बिचारहरु राख्नको लागि हो । जानकारीहरु लिने क्रममा किशोर/किशोरीहरुले आईप्याड (Ipad) लाइ डिजिटल डायरी को रुपमा आफ्नो सिकाईलाई निरन्तर रुपमा प्रस्तुत गर्नु को साथसाथै रेकर्ड पनि गर्छन। शिक्षक/शिक्षिकाहरु र कला प्रदर्शन गर्ने संस्थाहरुले चारवटा कार्य योजनाहरुको सहजीकरण गर्नु पर्ने छ ।

पाठ १ र २ दुवैमा किशोर/ किशोरीहरुलाई आफ्नो वरपरको पारेमा वर्णन गर्न र समुदायको अनुभव, संस्कृति र जनजातिय भिन्नता, समानता र सांस्कृतिक परिचय र नागरिकताको बारेमा प्रस्तुत गर्न लगाउँछन् । यी पाठहरुले सहिष्णुता र पारस्परिक आदर जस्ता मूल्य र मान्यताहरुको तल्लो तह देखिनै सोचको विकास, छलफल र मिश्रित वर्णन गर्छ।

पाठ ३, कला र प्रदर्शनका संस्थाका साथीहरुले किशोर/किशोरीहरुलाई पाठ १ र २ मा भएको सोचविचारहरुलाई कार्य र कलामा परिणत गर्न सहयोग र सहजीकरण गर्छन। उनीहरुले गरेको कला प्रदर्शनको अब भिडियो रेकर्ड गर्ने ।

पाठ ४, पाठ ३ मा बनाइयको भिडियोलाई अन्तर सांस्कृतिक आदान प्रदानको आधार मान्ने । यो भिडियो भएको बिचारहरुलाई सोहि देशको अरु भागहरुमा देखाउने, किशोर/किशोरीहरुको राष्ट्रिय नागरिक मूल्य र मान्यताहरुको व्याख्याहरुले कसरि उनीहरुको राष्ट्रिय परिचयको भावना संग जोडिन्छ भन्ने कुराको छलफल र विभिन्न वर्णन गर्न यो पाठले सहयोग गर्छ।

## पाठ १ छलफल सहजीकरण, प्रस्तुति र रेकर्डिङ्ग

| समय | उद्देश्यहरु | प्रश्नहरू / सिकाई/ परिणामहरू | दृष्टिकोण, स्रोतहरू, क्रियाकलाप, कक्षाकोठा संगठन | आंकलन र मूल्याङ्कन |
|---|---|---|---|---|
| ४५ मिनेट | समुदाय शब्दको व्याख्या गर्न:<br><br>शब्दहरु बुझ्न र छलफल गर्न:<br>स्थानीय समुदायमा अनुभवहरूको आधारमा सहिष्णुता र पारस्परिक आदर। | समुदाय भनेको के हो?<br>बालबालिकाहरुको नजरमा समुदायका मानिहरु को को हुन् भन्ने कुराको विभिन्न बुझाईहरु देखाउछन।<br>बालबालिकाहरु आफ्नो समुदाएको ३ जना आदरणीय व्यक्तिहरुको मौखिक रुपमा नै सुची बनाउछन।<br>तिम्रो समुदायको राम्रा कुराहरु के के हुन्?<br>यो समुदायमा सहिष्णुता के कस्तो देखिन्छ?<br>पारस्परिक आदर भन्नाले के बुझिन्छ?<br>तिम्रो समुदायमा पारस्परिक आदर कस्तो छ? | जतिबेला बालबालिकाहरुले सोच्न सुरु गरेको (सम्भावित उत्तेजना ) देखाउछन त्यो समयको टिपोट वा गोलो लगाउनुहोस | आंकलनले विद्यार्थीहरुको सिक्ने तरिकाहरु र प्रमाणलाई बुझाउँछ<br>मूल्यांकनले शिक्षिका/ शिक्षकको शिक्षण तरिका र प्रमाणलाई बुझाउँछ।<br>जस्तै 'समुदाय के हो?'<br><br>आंकलन:<br>बालबालिकहरुले मौखिक रुपमा समुदायको बिभिन्न ब्याख्याहरु निकाल्नु<br><br>मूल्यांकन:<br>शिक्षक / हामी?<br>मूल्यांकन गर्नुहोस्<br>'समुदाय' शब्द कोअवधारणाको सिकाई ले कसरी काम गर्यो :-<br>जस्तै, के बालबालिकाहरुले शिक्षक/शिक्षिकाहरुको ब्याख्याहरुलाई सुने मात्रै कि उनीहरु आफैले केहि मतलब निकाले? |
| १५ मिनेट | छलफलमा प्रकाश पार्ने र विचारहरू रेकर्ड गर्ने | चिंतनशील डिजिटल डायरी प्रविष्टि (entry) १ मा के छ<br>यस गतिबिधिबाट के सिक्नुभयो? | जोडीमा गरिने क्रियाकलापमा आइप्याडको पालो गरेर उनीहरुको प्रश्न र सिकाईहरुका बिचारहरुलाई डायरी मा राख्न लगाउनुहोस | |

## पाठ २ प्रस्तुति र रेकर्डिङ

| समय | उद्देश्यहरु | प्रश्नहरू / सिकाई / परिणामहरू | दृष्टिकोण, स्रोतहरू, क्रियाकलाप, कक्षाकोठा संगठन | आंकलन र मूल्याङ्कन |
|---|---|---|---|---|
| ४० मिनेट | सहिष्णुता र पारस्परिक आदरलाई स्थानीय समुदायको अनुभवहरु संग जोडेर प्रस्तुत र चित्रात्मक रुपमा रेकर्ड गर्न<br><br>राष्ट्रिय नागरिक मूल्य र मान्यताहरुको मौखिक तथ्यप्रमाणलाई परिवर्तन र तिनीहरुलाई दृश्यात्मक तथ्यप्रमाण को रुपमा प्रतिनिधित्व गराउन | तपाईंको आदर्श समुदाय कस्तो देखिन्छ? | कथाका उदाहरण, महत्त्वपूर्ण क्षणहरु, तपाईं को समुदायमा रहेका आपसी सम्मान र अन्तरदृष्टि लाई कलम र रंगहरु को प्रयोग ले चित्रण गर्नुहोस जस्तै, महिला र पुरुषहरु बीचको विश्वास र आदर भित्र को सहिष्णुता<br><br>पारस्परिक आदर र सहिष्णुताको भिन्नता र समानता देखिने गरि प्रतिक्रियाहरूको एक कलात्मक Graffiti wall को सिर्जना गर्नुहोस | पाठ १ मा भएका आकलनबाट २ मा सार्नुहोस । प्रक्रिया कारकहरू पहिचान गर्नुहोस् जस्तै, भिन्नता /सहकार्य को स्वीकृति 'राष्ट्रिय नागरिक मूल्य र मान्यताहरु'' को सुरुवात र संकेत साझा राष्ट्रिय प्रतीकहरू र प्रतीकहरू प्रयोग |
| १५ मिनेट | बनाइएका चित्रहरुलाई प्रस्तुत गर्ने | चिन्तनशील डिजिटल डायरी प्रविष्टि (entry) २ तपाई आफैले के सिकाउनुभयो? तपाईंले अरूको बारेमा के सिक्नु भयो? | जोडीमा गरिएको गतिविधिले आईप्याडको साथमा आफ्ना विचारहरू लेख्न उत्प्रेरित गर्छ; उनीहरूको प्रश्नहरू र उनीहरूको सिकाई अघिल्लो प्रविष्टि (entry) मा थप्ने | |

# पाठ ३ प्रदर्शन

| समय | उद्देश्यहरु | प्रश्नहरू / सिकाई / परिणामहरू | दृष्टिकोण, स्रोतहरू, क्रियाकलाप, कक्षाकोठा संगठन | आंकलन र मूल्याङ्कन |
|---|---|---|---|---|
| भाग १<br><br>६० मिनेट | राष्ट्रिय नागरिक मूल्य र मान्यताहरुको मौखिक तथ्यप्रमाणलाई परिमार्जन र तिनीहरुलाई दृश्यात्मक तथ्यप्रमाण को रुपमा प्रतिनिधित्व गराउने | समुदाय के हो?<br>तपाईंको समुदाय का मान्छेहरु को को हुन्?<br>तपाईंको समुदायको राम्रो कुरा के हो?<br>यो समुदायसँग को को सम्बन्धित छन्?<br>सहिष्णुताको मतलब के हो?<br>तपाईंको समुदायमा सहिष्णुता कस्तो देखिन्छ?<br>पारस्परिक आदरको के मतलब हो?<br>तपाईंको समुदायमा पारस्परिक सम्मान कस्तो देखिन्छ? | प्रदर्शन कला समूहद्वारा सहजीकरण गर्ने<br><br>तिक्रियाहरुको graffiti wall बाट विचारहरू लिनुहोस्<br>उदाहरणका लागि तपाईंको मा समुदाय भैरहने किशोर/किशोरीहरुको महत्वपूर्ण क्षणहरू,आपसी सम्मान' र 'सहिष्णुता' ।<br>उनीहरुले गरेको बर्णन अनुसार कलात्मक प्रदर्शनीको सिर्जना गर्नुहोस । | पाठ १,२ को कामहरु ३ सम्म आउँदा हेर्नुहोस, रेकर्डिङ गर्नुहोस र जाँच्नुहोस कसरी किशोर/किशोरीहरु को छलफल, प्रस्तुति र रेकर्डिङहरु उनीहरुको कला प्रदर्शनमा कसरी ढाल्छन र उनीहरुको प्रदर्शन मा साझा कुराहरु के के थियो?<br>फरक दृस्टीकोण /सन्धर्भ मा भएका छलफलमा आधारित भएर विभिन्न व्याख्या र वर्णनहरु को मुल्यांकन गर्नुहोस।<br>समुदाय/सहिष्णुताका फरक अशाब्दिक संप्रेषण (non verbal) चित्रण के के छन् ?परिवार/समुदाय/ सरकारी/राष्ट्र शब्दहरू को बुझाई र असली रुपमा के कस्तो समानता र भिन्नता हुन सक्छ। |
| २० मिनेट | बिचारहरुलाई कार्यमा बदल्ने प्रक्रियाहरुलाई प्रस्तुत गर्ने | चिन्तनशील डिजिटल डायरी प्रविष्टि (entry) ३<br>तपाईले के सिक्नुहुन्छ?<br>तपाईले अरूको बारेमा के सिक्नुहुन्छ? | जोडीमा गरिएको गतिविधिले आईप्याडको साथमा आफ्ना विचारहरू लेख्न उत्प्रेरित गर्छ; उनीहरूको प्रश्नहरू र उनीहरूको सिकाई अघिल्लो प्रविष्टि (entry) मा थप्ने | |
| भाग २<br>६० मिनेट | भाग १ को निरंतरता | भाग १ को निरंतरता | | |
| २० मिनेट | बिचारहरुलाई कार्यमा बदल्ने प्रक्रियाहरुलाई प्रस्तुत गर्ने | चिन्तनशील डिजिटल डायरी प्रविष्टि (entry) ४<br>तपाईले के सिक्नुहुन्छ?<br>तपाईले अरूको बारेमा के सिक्नुहुन्छ? | जोडीमा गरिएको गतिविधिले आईप्याडको साथमा आफ्ना विचारहरू लेख्न उत्प्रेरित गर्छ; उनीहरूको प्रश्नहरू र उनीहरूको सिकाई अघिल्लो प्रविष्टि (entry) मा थप्ने | |

## पाठ ४ अन्तर -सांस्कृतिक आदान-प्रदान र प्रभाव

| समय | उद्देश्यहरु | प्रश्नहरू / सिकाई / परिणामहरू | दृष्टिकोण, स्रोतहरू, क्रियाकलाप, कक्षाकोठा संगठन | आंकलन र मूल्याङ्कन |
|---|---|---|---|---|
| ४० मिनेट | किशोर/किशोरीहरु ले गर्ने राष्ट्रिय नागरिक मूल्य र मान्यताहरुको व्याख्याको बारेमा जानकार हुने | समुदायको बारेमा राम्रो कुरा के हो?<br>सहिष्णुताको मतलब के हो?<br>तपाईंको समुदायमा सहिष्णुता कस्तो देखिन्छ?<br>पारस्परिक आदरको के मतलब छ?<br>तिनीहरू र तपाईंको आफ्नै व्याख्या कसरी मेल खाए? | प्रतिक्रियाहरूको आफ्नै फिल्म देखाउनुहोस्।<br><br>किशोर/किशोरीहरुलाई फरक सन्दर्भमा परिचय दिनुहोस्। व्याख्या गर्नुहोस् कि तिनीहरूले एउटै परीक्षामा भाग लिएका छन् ।<br><br>प्रतिक्रियाहरूको चलचित्र देखाउनुहोस्। | पाठ ३ देखि ४ मा भएको कामको आकलन।<br>शिक्षकहरू र बालबालिकाहरूको आवाज फरक सन्दर्भमा उनीहरुको साथीहरुको प्रतिक्रिया<br><br>आवाजमा समानता के छ?<br><br>आवाजमा भिन्नता क छ? |
| २० मिनेट | साथीहरुद्वारा बनाईएको राष्ट्रिय नागरिक मूल्य र मान्यताहरुको ब्याख्या हेर्ने र प्रस्तुत गर्ने | चिन्तनशील डिजिटल डायरी प्रविष्टि (Entry) ५ तपाईंले आफ्नो बारेमा के सिक्नुहुन्छ? तपाईंले अरुको बारेमा के सिक्नुहुन्छ? | जोडीमा गरिएको गतिविधिले आईप्याडको साथमा आफ्ना विचारहरू लेख्न उत्प्रेरित गर्छ;<br>उनीहरूको प्रश्नहरू र उनीहरूको सिकाई अघिल्लो प्रविष्टि (entry) मा थप्ने | व्याख्याहरू देखाउने क्रममा बालबालिका र शिक्षकहरुमा के प्रभाब पर्छ? |
| ३० मिनेट | साझा विषयहरू के के हुन्?<br>'हामी कसरी एकसाथ एकै आवाजमा बोल्दै छौं? | जतिबेला बालबालिकाहरुले सोच्न सुरु गरेको (सम्भावित उत्तेजना ) देखाउछन त्यो समयको टिपोट वा गोलो लगाउनुहोस | | |

# जीवनीहरु

# अन्वेषकहरू र साझेदारहरू

## मार्लोन मोनक्रिएफ

डा. मार्लोन मोनक्रिएफ ले बेलायत को प्राथमिक बिद्यालयमा सन १९९९ देखि २०१३ सम्म निबर्तमान प्रधानाध्यापक भई पढाउनु भयो। उंहाले आफ्नो बिद्याबारिधिको अनुसन्धान २०१२ देखि २०१७ सम्मको बिचमा Institute of education, रिडिङ्ग विश्वविद्यालयबाट गर्नु भएको हो।उंहाले प्रारम्भिक शिक्षक प्रशिक्षण (Primary Education Training) र प्राथमिक बिद्यालय शिक्षा (Primary Education)मा बेलायतमा बर्षौं सम्म भएको ऐतिहासिक घटनाहरुको अन्तर सांस्कृतिक मतभेद, समानता र असमानतालाई महत्त्वपूर्ण बहुसांस्कृतिक शिक्षाको विकास र राष्ट्रिय नागरिक मूल्य र मान्यताहरु र जातिय समानताको द्दस्टीकोणमा शिक्षण र सिकाइको नयाँ ज्ञानको बिकास गर्नु भयो। उहाँले आफ्नो अनुसन्धानमा एक अन्तरविषयात्मक दृष्टिकोणको शिक्षाद्वारा , इतिहास, समाजशास्त्र, कला र मानविकीको माध्यमबाट अनुसन्धान प्रकाशनहरू सहित जर्नल लेखहरू, पुस्तक अध्यायहरू र सार्वजनिक प्रदर्शनीहरूको प्रयोग गर्नु भएको छ।

## राजिब तिमल्सिना

राजिब तिमल्सिना त्रिभुवन विश्वविद्यालयको द्वन्द्व, शान्ति र बिकास विभागमा सहायक प्रध्यपाक हुनुहुन्छ । उंहाले शान्ति अनुसन्धान, शक्ति र राजनीति र स्थानीय शासन नीति जस्ता विषयहरु पढाउनु हुन्छ । जुलाई सन् २०१७ मा विश्वविद्यालयमा उँहाको कार्यकाल स्थायी भयको हो । उंहा IPRA , शान्ति र न्यायको लागि मार्ग भन्ने आयोगको सह कमान्डर हुनुहुन्छ। उंहाले नेपालमा दोन्द्वोत्तर अवस्थामा र दक्षिण एशियाको थुप्रै परियोजनाहरुमा जस्तै शान्ति प्रक्रिया, सुरक्षित बसाइसराई, शिक्षा, स्थानीय शासन, लैंगिकता, सामाजिक न्याय र समाबेशीकरण सम्बन्धि अनुसन्धानमा सल्लाहकारको रुपमा काम गर्नु भएको छ। सन् २०१३ मा उँहालाई शैक्षिकउत्कृष्टताको लागि नेपालको राष्ट्रपतिबाट नेपाल बिद्याभूषणद्वारा सम्मानित गरियो। तिमल्सिनाजी, नेपालमा शिक्षा रिपोर्टको वार्षिक स्थिति (असर-नेपाल) भनिने नागरिक नेतृत्व मूल्यांकन मोडेलको सह निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ।

## नुबराज भण्डारी

उहाँ मुख्य रुपमा बाल तथा महिला अधिकार, शिक्षा, द्वन्द्व रुपान्तरण र सामाजिक जवाफदेहिता जस्ता बिषयहरुमा विगत ९ वर्ष देखि कार्यरत हुनुन्छ । नुबराजले त्रिभुवन विश्वविद्यालयबाट सन् २००९ मा अंग्रेजी बिषयमा स्नातकोत्तर र २०१७ मा शिक्षा संकायमा एम फिल गर्नुभएको छ । अहिले उहाँ जानकी महिला जागरण समाज (JWAS) भन्ने गैर सरकारी संस्थामा कार्यक्रम निर्देशकको रुपमा आबद्द हुनुहुन्छ र वाल बिवाह र शिक्षासंग सम्बन्धित परियोजनाहरुमा अनुसन्धानकर्ता पनि हुनुहुन्छ । उहाँले २०१६ मा जुन देखि नोभेम्बेर सम्म सेसी नेपालको नेपालमा जवाफदेहिता कार्यक्रममा आबद्द रही विभिन्न जिल्लाको प्रमुख सामाजिक जवाफदेही अभ्यासकर्ताहरुलाई मार्गनिर्देशन पनि गर्नु भएको थियो। उहाँको अनुसन्धानहरु मुख्य रुपमा नीतिगत तहमा लैंगिक समानता, शान्ति र गुणस्तरिय शिक्षाको प्रबर्धन गर्दै समाज परिवर्तन तर्फ केन्द्रित रहेको छ।

## विलिस ओकुमु

डा. विलिस ओकुमु, विकास सेवा, केन्यामा अनुसन्धानकर्ता/शन्तिनिर्माण संयोजक हुनुहुन्छ। उंहाले लिभरपुल विश्वविद्यालयको सहकार्यमा आशाबाट निराशातर्फ:एक मानब तस्करी संजालमा युवाहरुको अनुभब एक अवलोकनमा आधारित अध्ययनबिधि, केन्या को परियोजनाको अग्रज/प्रमुख अन्वेषक पनि हुनुहुन्छ। विलिस पहिले बोन् विश्वविद्यालयमा राइट लाइभ्लीहूड क्याम्पस (RLC) DAAD छात्रवृत्ति अन्तर्गत विकास अनुसन्धान केन्द्र (ZEF) मा जूनियर अनुसन्धानकर्ताको रुपमा काम गर्नु भयको थियो। उंहाले अफ्रिकाको सवानाहरुको लचीलापन, पतन र सामाजिक पारिस्थितिक को पुन: पुनर्गठन तंत्र कोलोन विश्वविद्यालय बरिंगो, सामबुरु र लिकिपिया जस्ता प्रदेशहरुमा पानि काम गर्नु भएको छ। विलिसले कोलोन विश्वविद्यालयबाट सामाजिक मानवशास्त्रमा विद्याबारिधि प्राप्त गर्नु भएको हो । उंहाले कोलोन विश्वविद्यालयबाट अफ्रिकाको संस्कृति र बातावरणमा स्नातकोत्तर र राजनीति शास्त्रमा नैरोबी विश्वविद्यालयबाट स्नातक गर्नु भएको छ । उँहा German Academic Exchange Service (DAAD ) अफ्रिकाको शुशासन संजाल (AGGN) को फेलो र अफ्रिका अनुसन्धान र स्रोत फोरम (ARRF) नैरोबीको फेलो हुनुहुन्छ ।

## जोन म्वंगी

गिथिगारो सेन्ट पल विश्वविद्यालयमा शान्ति र द्वन्द्व शिक्षाको व्याख्याता हुनुहुन्छ । उंहाले संयुक्त राज्य अमेरिका अन्तरास्ट्रिय विश्वविद्यालय अफ्रिका (USIU -A), नैरोबी केन्याबाट अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि हासिल गर्नु भएको छ । शान्ति र सुरक्षा अध्ययन, शरणार्थी अध्ययन, र आतंकवादको मिडिया चित्रण र अफ्रिकाको हर्नमा एक विशेष जोड आदि उँहाको अनुसन्धानको इच्क्षाका बिषयहरु हुन् । उँहा नेक्सट्जेन सामाजिक बिज्ञान अनुसन्धान परिषद न्यू योर्क (SSRC) को फेलो (२०१६-२०१७) हुनुहुन्थ्यो ।

## आनन्दा ब्रीड

प्राध्यापक ब्रिड राष्ट्र प्रदर्शन गर्दै: नरसंहार, न्याय, मेलमिलाप ( सेगल पुस्तकहरू, २०१४) लगायत धेरैका अतिरिक्त प्रकाशन शासन र कला को जसले संक्रमणकालीन प्रणालीक लेखिका हुनुहुन्छ । उंहाले किर्गिस्तानमा आइरेक्स (IREX) र यूनिसेफ (UNICEF) मा सल्लाहकार को रुपमा काम गर्नु भएको छ र लोकतांत्रिक गणराज्य कङ्गो (डीआरसी), इन्डोनेशिया, जापान, किर्गिस्तान, नेपाल, प्यालेस्टाइन, रुवान्डा र टर्कीमा द्वन्द्व रोकथामसम्बन्धी मुद्दाहरू र कलामा कार्यशालाहरू गर्नुभएको छ । ब्रिड लिंकन विश्वविद्यालयमा रंगमंचको प्राध्यापक हुनुहुन्छ। यो भन्दा पहिले उँहा इष्ट लन्डन विश्वविद्यालयको (२०१४ -२०१७ ) कला प्रदर्शनी र विकास केन्द्रमा सह निर्देशक हुनुहुन्थ्यो ।फ्रेई  विश्वविद्यालयको अन्तर्राष्ट्रिय प्रदर्शन संस्कृति अनुसन्धान केन्द्रको पूर्व फेलो (२०१३-२०१४) हुनुहुन्छ ।

## डेभिड स्टेफेन्स

प्राध्यापक स्टेफेन्स अन्तर्राष्ट्रिय शिक्षा र विकासमाअन्तर्राष्ट्रिय स्तरमै  प्रसिद्ध विशेषज्ञ हुनुहुन्छ, विद्यालयमा आधारित कार्य अनुसन्धान र क्षमता निर्माणमा राष्ट्रिय तथा स्थानीय स्तरमा उहाँको अत्याधिक अनुभव  छ। उहाँसंग उप सहारा अफ्रिका   विशेष रूपमा नाइजेरिया, दक्षिण अफ्रीका, घाना, केन्या, मरीशस र सिएरा लियोन जस्ता देशहरुको अनुसन्धान अनुभव गरि ४० बर्षको अनुभव छ ।उहाँले स्वास्थ्य शिक्षा, प्राथमिक शिक्षाको गुणस्तर र अफगानिस्तान र दक्षिण अफ्रिकाको रूपमा युद्ध-संघर्ष समाजमा शैक्षिक पुनर्निर्माणिका विषयमा ठूलो काम गर्नुभयो । अहिले उहाँ गाम्बियामा विश्व बैंकको एक प्रोजेक्ट को शुरुवात गर्दै हुनुहुन्छ जसमा  धेरै प्राथमिक विद्यालयहरूमा सहभागी कार्य अनुसन्धान हुँदै छ। उहाँ संस्कृति, शैक्षिक विकास, अनुसन्धान विधिहरू, विशेष रूपमा शैक्षिक अनुसन्धानमा कथाको भूमिका र उप-सहारा अफ्रिकामा प्राथमिक शिक्षाको गुणस्तर सम्बन्धित धेरै प्रमुख प्रकाशनहरूको लेखक पनि हुनुहुन्छ ।

## एण्टोनी एन्द्नगु

एण्टोनी एन्द्नगु जेन थियेटर कम्पनी केन्याको रचना निर्देशक हुनुहुन्छ ।उहाँको रचना क्षेत्रमा १५ भन्दा बढि बर्षको अनुभव छ। उहाँले केन्याका थिएटर कम्पनीहरू जस्तै हर्टस्ट्रिंग केन्या, फीनिक्स खेलाडीहरूसंग अभिनेताको रुपमा काम गर्नु भएको छ । उहाँले  स्थानीय र अन्तर्राष्ट्रिय पुरस्कार विजेता चलचित्रहरु जस्तै नैरोबी आधा जिन्दगी, मारिया, वाटू वाट (अस्कर नामांकन प्राप्त) मा खेल्नुभएको छ। उहाँले २०१६ मा  फिल्म मा सहायक अभिनेता कलाशा पुरस्कार, मचकोस  चलचित्र  महोत्सव २०१७ मा सर्वश्रेष्ठ अभिनेता, ट्यालेन्ट मानिया र मवुनो पुरस्कार आदिद्वारा पुरस्कृत हुनुहुन्छ। उहाँले नैरोबीका प्राथमिक र उच्च माद्यामिक बिद्यालयहरुको नाटक र चलचित्र महोत्सबहरुमा निर्देशन समेत गर्नु भएको छ।

## नरबहादुर साउद

नरबहादुर शाउदले नेपालको त्रिभुवन विश्वविद्यालयबाट स्नातक गर्नु भएका एक विकास व्यवसायी हुनुहुन्छ । उहांसंग विभिन्न गैर सरकारी संस्थाहरू र सरकारी निकायहरुमा निगरानी र मूल्यांकन सम्बन्धि काम गरेको ८ वर्ष भन्दा बढिको अनुभव छ। उहाँ हालै राष्ट्रिय स्तरको गैर सरकारी संगठनमा परियोजना संयोजक को रुपमा सामुदायिक स्तरको मेलमिलापमा रंगमंचको दृष्टिकोण प्रयोग गर्दै सहयोग गरिरहनु भएको छ। उहाँको मिडिया र रंगमंच लगायत शान्ति निर्माणमा अन्तर सांस्कृति विषयमा रुचि रहेको छ। एक आत्म-उत्प्रेरित र संगठित व्यवसायीको रूपमा मिडिया क्षेत्र, ट्राफिक रोकथाम र शान्ति निर्माण पनि उहाँ काम गर्नु हुन्छ। उहांसंग महिला, युवा, राजनीति र नागरिक समाजका सदस्यहरुलाई लक्षित अनुसन्धान, प्रशिक्षण र सहजीकरण शीपहरु छन्। उहाँले शान्ति प्रक्रिया र द्वन्द्व गतिशीलताको बारेमा कक्षा संचालन, परियोजना को योजना, सहकार्य, कार्यान्वयन, मूल्याङ्कन / निगरानी र नियन्त्रण लगायत क बिषयहरुमा अनुसन्धान गर्नु भएको छ । प्लेब्याक थिएटर मोडेल, कथा र शान्ति प्रक्रियामा कलाको दृष्टिकोणहरुमा उहाँको अनुभव रहेको छ ।

University of Brighton

St. Paul's University

Tribhuvan University

University of Lincoln

ADS-Kenya
Wholesome & Dignified Living

University of Leeds

Arts & Humanities Research Council

Changing the Story

GCRF
Global Challenges Research Fund